# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, साउन ०६ गते, २०७६ साल (अतिरिक्ताङ्क १३

## भाग ३

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## <u>सूचना</u>

**<u>प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६</u>**

**<u>प्रस्तावना</u>**ः प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को दफा ११ को उपदफा (५) बमोजिम प्रदेश सरकारबाट सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचनाको अङ्क,

संख्या, ढाँचा, प्रकृया, मूल्यका साथै प्रदेश राजपत्रको सम्पादन, प्रकाशन, वितरण र अन्य व्यवस्थापकिय प्रकृयाको निर्धारण गर्न वान्छनीय भएकोले प्रदेश सरकार मन्त्रिपरिषद्ले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "छापाखाना" भन्नाले मन्त्रालयको आफ्नै वा मन्त्रालयले प्रचलित कानून बमोजिम तोकेको छापाखाना सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं.३ सम्झनु पर्छ।

(घ) "प्रदेश राजपत्र" भन्नाले प्रदेश सरकारबाट प्रकाशन भएको प्रदेश राजपत्र सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

३. **<u>प्रदेश राजपत्रमा सूचना प्रकाशन गरिनेः</u>** (१) प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ मा तोके बमोजिमका सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश राजपत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयको छापाखाना वा मन्त्रालयले तोकेको कुनै छापाखानाबाट प्रकाशन गर्न सक्नेछ।

४. **<u>प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने प्रकृया</u>**: (१) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि ऐन वा अध्यादेश आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको ऐन वा अध्यादेश बाहेक अन्य सूचना ऐनमा तोकिएको निकाय वा अधिकारीको निर्णय बमोजिम सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीले सूचना सम्पादनको लागी सक्कल निर्णय फायल सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले सूचना सम्पादन गरी प्रकाशन गर्नेछ।

५. **<u>प्रदेश राजपत्रमा प्रकाशन गरिने अङ्क</u>**: (१) प्रदेश राजपत्र प्रकाशन गर्दा ऐन र अध्यादेश बाहेकका सूचना नियमित अङ्कको रुपमा प्रत्येक हप्ताको सोमबार र बुधबार प्रकाशन हुनेछ।

(२) प्रदेश राजपत्र प्रकाशन गर्दा देहाय बमोजिम अतिरिक्ताङ्क गरी प्रकाशन गर्नु पर्नेछः-

(क) ऐन र अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखी लागू हुने गरी,

(ख) जुन निकाय वा अधिकारीको निर्णय बमोजिमको सूचना प्रकाशन गरिने हो सो निकाय वा अधिकारीले अतिरिक्ताङ्क गरी सूचना प्रकाशन गर्ने भनी निर्णय गरेको भए सोही मितिबाट लागू हुने गरी।

तर अतिरिक्ताङ्क गरी सूचना प्रकाशन गर्ने निर्णय नभएकोमा नियमित अङ्कको रुपमा लागू हुने गरी प्रकाशन गरिनेछ।

(३) उपदफाद (१) बमोजिमको नियमित अङ्क र उपदफा (२) बमोजिमको अतिरिक्ताङ्कको संख्या कायम गर्दा प्रत्येक वर्षको सूचनाको आधारमा वर्ष, मिति र संख्या कायम गर्नु पर्नेछ।

६. **प्रदेश राजपत्रको ढाँचाः** (१) ऐन तथा यस निर्देशिका बमोजिम प्रकाशन गरिने प्रदेश राजपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **प्रदेश राजपत्रको छपाई खर्चः** (१) दफा ३ को उपदफा (२) बमोजिम प्रदेश राजपत्रको छपाई गर्दा लाग्ने खर्च मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।छापाखानाको हकमा प्रदेश सरकारको निर्णय बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रको प्रकाशन खर्च प्रदेश सरकारको विनियोजित बजेटबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले व्यहोर्नेछ।

८. **राजपत्र सम्पादन तथा प्रकाशन समितिः** (१) प्रदेश राजपत्र सम्पादन, प्रकाशन एवं अन्य व्यवस्थापन गर्ने प्रयोजनका लागि मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछ :-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य

(ग) प्रमुख, कानून तर्जुमा महाशाखा आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) कानून अधिकृत (तर्जुमा हेर्ने), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) कानून अधिकृत (सम्पादन हेर्ने), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) प्रदेश राजपत्रको सम्पादन एवं प्रकाशन गर्ने,गराउने,

(ख) प्रदेश राजपत्रको सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा आवश्यक निर्णय गर्ने,

(ग) प्रदेश स्तरका ऐन, नियमावली, कार्यविधि/निर्देशिका लगायतका प्रदेश कानूनहरुको सम्पादन/संग्रहित गरी प्रकाशन गर्ने, गराउने,

(घ) समितिको कार्यलाई सहयोग गर्न आवश्यक प्राविधिक एवं सहयोगी कर्मचारी लिने वा खटाउने।

(३) उपदफा (१) बमोजिमका सदस्यले नियमानुसार बैठक भत्ता र उपदफा (२) को खण्ड (घ) बमोजिम खटिएको कर्मचारी/सहयोगीलाई नियमानुसार खाजा भत्ता बापत खटिएको दिनको पाँच सय रुपैंया प्रदान गरिनेछ।

९. **राजपत्रको मूल्य निर्धारण**ः (१) ऐन तथा यस निर्देशिका बमोजिम प्रदेश सरकारबाट प्रकाशन हुने राजपत्रको मूल्य निर्धारण देहाय बमोजिम गरी प्रकाशन गरिनेछ :-

(क) १ देखि ८ पेज सम्म एक प्रतिको रु.५।-

(ख) ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१०।-

(ग) २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५।-

(घ) ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०।-

(ङ) ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५।-

(च) ७३ देखि ९६ सम्म एक प्रतिको रु.५०।-

(छ) ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिने गरी मूल्य तोकिएको छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने राजपत्र मन्त्रालयले यस प्रदेशका अन्य मन्त्रालय, मन्त्रालयस्तरका सचिवालय वा कार्यालयलमा आवश्यक्तानुसार र स्थानीय तहमा एक/एक प्रति निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(३) प्रदेश राजपत्रको खरिद गर्न चाहनेलाई राजपत्रको उपलब्धता हेरी मन्त्रालयले प्रदेश राजपत्रमा उल्लिखित मूल्य तिरी प्राप्त हुने व्यवस्था मिलाउनेछ।

१०. **राजपत्रको अभिलेख राख्नु पर्ने**ः मन्त्रालयले प्रकाशन भएका प्रदेश राजपत्रको विधुतीय र मुद्रित प्रतिको छुट्टै सुरक्षित अभिलेख राख्नु पर्नेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको ढाँचा**

# प्रदेश राजपत्र

**प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित**

**वर्ष...,प्रदेश राजधानीको नाम, नेपाल,...महिना...गते...साल (संख्या/अतिरिक्ताङ्क**

## भाग...

प्रदेश सरकार

## .................मन्त्रालयको

सूचना

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको साइज**

१. **कागजको साइजः** लम्बाई २२ से.मि. र चौडाई १४ से.मि.

२. **अक्षरको साईजः** ११ प्वाइन्ट, फन्ट : कालिमाटी

**मन्त्रिपरिषद्बाट स्वीकृत मिति : २०७६।०४।०६**

**आज्ञाले,**
**राजकुमार श्रेष्ठ**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-